**मधेश प्रदेश सभा**

**प्राकृतिक स्रोत तथा वातावरण समिति**

**प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी प्रतिवेदन**

१. **मूल ऐनमा भएको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखे**

व्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धि र व्यवस्थित बनाइ उपभोक्ता हकहित संरक्षण र प्रविधिमैत्रि वातावरण सृजना गरी प्रदेश भित्र हुने व्यापार व्यवसायलाइ व्यवस्थापन, नियमन र प्रोत्साहन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

२. **मूल ऐनमा भएको संक्षिप्त नाम र प्रारम्भको सट्टा देहायको वाक्य राखेः** (१) यस ऐनको नाम " प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०८२" रहेको छ ।

३. **परिभाषाः** दफा २ परिभाषा खण्डमा देहायको उपदफा (र) थप्ने ।

(र) "दर्ता गर्ने निकाय" भन्नाले अनुसूचि-६ बमोजिमको निकाय सम्झनु पर्छ ।

४. **मूल ऐनमा भएको दफा ५ को उपदफा (४):** उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटा व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा बढि फर्म खोल्न वा दर्ता गर्न पाइने छैन तर दर्ता सरहको शुल्क तिरि फर्मको शाखा खोल्न बाधा पर्ने छैन ।

५. **मूल ऐनमा भएको दफा ५ मा देहायको उपदफा (५) थप गर्नेः** यस ऐन बमोजिम दर्ता हुने प्राइभेट फर्म महिला, दलित, सिमान्तकृत समुदाय, लैङ्गिक वा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको नाममा दर्ता भएमा अनुसूची-२ बमोजिमक लाग्ने दस्तुरको आधा दस्तुर मात्र लाग्नेछ ।

६. **मूल ऐनमा भएको ऐनको अनुसूची -४ को सट्टा देहायको अनुसूची ४ राखेः**

**अनुसूची-४**

(दफा ५को उपदफा (३), (४) र (५) तथा दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

**प्राइभेट फर्म नवीकरण दस्तुर र जरीवाना**

| सि. नं. | पूँजी | नवीकरणदस्तुर | | | |
|---|---|---|---|---|---|
| | | पैंतीस दिन भित्र | एकवर्षसम्म | एकवर्ष नाघेपछि | |
| | | | | दस्तुर | थप जरीवाना रु. |
| १. | एक लाख देखि पाँच लाख रुपैयाँसम्म | १०००/- | २०००/- | २०००/- | १०००/- प्रतिवर्ष |
| २. | पाँच लाख | १५००/- | ३०००/- | ३०००/- | १५००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | | | | प्रतिवर्ष |
| ३. | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | २५००/- | ५०००/- | ५०००/- | २५००/- प्रतिवर्ष |
| ४. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ४०००/- | ८०००/- | ८०००/- | ४,०००/- प्रतिवर्ष |
| ५. | एक करोड रुपैयाँभन्दा बढी पाच करोड रुपैयाँसम्म | ७५००/- | १५०००/- | १५०००/- | ७५००/- प्रतिवर्ष |
| ६. | पाँचकरोड रुपैयाँभन्दा बढी | १५,०००/- | ३०,०००/- | ३०,०००/- | १५,०००/- प्रतिवर्ष |

७. सामान्य शाब्दिक, भाषिक तथा फोन्टहरुमा भएको त्रुटि सच्याएर फाइनल ड्राफ्ट सभालाइ उपलब्ध गराउने

.................................

मा. शारदा दास पहाडी

सभापति

प्राकृतिक स्रोत तथा वातावरण समिति